## उपेक्षित उद्यम



उत्तम कार्की

# संक्रमित पर्दा, आइसोलेसनमा कलाकार

लाखौं लगानी गरेका फिल्म निर्माताहरु मारमा परे, कलाकारहरु बेरोजगार भए भने चलचित्र प्राविधिकहरुको दयनीय अवस्था सिर्जना भयो ।

> संक्रमण भीडभाडमा बढी फैलिन्छ भने रंगशालाको भीडले पनि फैलिन्छ नै । तर सरकारको नजरमा चलचित्र हेर्न सिनेमा हल पुगेका दर्शकबाट मात्रै कोभिड फैलिन्छ भन्नेजस्तो मनोविज्ञान बनेको देखिन्छ ।

दुई वर्षदेखि कारोना भाइरस महामारीका कारण थला परेको चलचित्र क्षेत्र अझै उठ्न सकेको छैन । कोरोनाले थला पारेको चलचित्र क्षेत्र सरकारले उपेक्षा गर्दा झनै तहशनहश बनेको छ । कोरोना संक्रमणको पहिलो लहरमा सरकारले लकडाउन जारी गर्नु अघि नै चलचित्र क्षेत्र बन्द गर्ने निर्णय गरेको थियो । जसका कारण देशभरका चलचित्र गतिविधि सबै ठप्प भए । चलचित्रका छायांकन रोकिए, प्रदर्शन मिति रोकिए, सिनेमा हल बन्द भए । जसका कारण लाखौं लगानी गरेका फिल्म निर्माताहरु मारमा परे, कलाकारहरु बेरोजगार भए भने चलचित्र प्राविधिकहरुको दयनीय अवस्था सिर्जना भयो ।

तर पहिलो लहरको संक्रमण मत्थर भएपछि पनि चलचित्र क्षेत्र खुल्न समय लाग्यो । सरकारले अरु सबै व्यवसाय तथा क्षेत्र खोल्दा समेत सरकारले चलचित्र क्षेत्र खोल्न अनुमति दिएन । सरकारले सिनेमा हलमा भीडभाड हुने उल्लेख गर्दै चलचित्र क्षेत्र बन्द नै राख्ने निर्णय गऱ्यो । तर छायांकनका लागि भने सरकारले अनुमति दिएको थियो । जसबाट चलचित्र क्षेत्रलाई राहत भयो । रोकिएका चलचित्र को छायांकन धमाधम शुरु हुन थाल्यो । तर प्रदर्शनको तयारीमा रहेका चलचित्रहरु भने सरकारको निर्णय कुरेर बस्न बाध्य भए ।

केही पछि सरकारले सिनेमा हल खोल्ने निर्णय गऱ्यो तर सर्त राख्यो आधा क्षमतामात्र दर्शक राख्न पाइने । यस निर्णयबाट चलचित्रकर्मीहरुमा उत्साह छायो । यद्यपि उनीहरुमा एक त्रास भने छँदै थियो, यस्तो स्थितिमा दर्शक सिनेमा हल आउलान् ? हुन पनि त्यस्तै भयो चलचित्र हेर्न सिनेमा हलसम्म दर्शकहरु गएनन् । यसमा सरकारको उपेक्षा पनि एक कारण थियो । सरकारले अरु सबै व्यवसाय सञ्चालन गर्न दिँदा पनि चलचित्र क्षेत्रलाई बन्द नै राख्ने निर्णय गरेको थियो । सिनेमा हलमा भीडभाड हुने र संक्रमण फैलिने भनेर सरकारले आदेश जारी गरेपछि दर्शकहरुमा पनि त्यही अनुसारको सोच उत्पन्न भयो । जसको प्रत्यक्ष असर सिनेमा हलमा देखियो ।

दास्रो लहरको कोरोना संक्रमणमा पनि चलचित्र क्षेत्र मारमा नै पऱ्यो । तर दोस्रो लहरपछि भने चलचित्र क्षेत्रले केही राहत पायो । छायांकन र प्रदर्शन पूर्णरुपमा सञ्चालन भए । तर अपेक्षितरुपमा नेपाली चलचित्रले राम्रो दर्शक पाएनन् । भारतीय चलचित्रले उल्लेख्य दर्शक पाएका थिए । नेपाली चलचित्र 'कठपुतली'ले भने दर्शक पायो । यस चलचित्रबाट नेपाली चलचित्रकर्मीहरु केही उत्साहित भएका थिए । सोही क्रममा थुप्रै नेपाली चलचत्रिहरुले प्रदर्शन मिति पनि तोके ।



यसै क्रममा लामो समयदेखि प्रदर्शनका लागि तयार भएको चलचित्र 'चपली हाइटी ३' प्रदर्शनमा आयो । तर प्रदर्शनमा आउनु केही दिन अगाडिदेखि नेपालमा कोरोना संक्रमणको तेस्रो लहर शुरु भइसकेको थियो । 'चपली हाइट ३' चलेको केही दिनमै सरकारले पुनः चलचित्र क्षेत्र बन्द गर्ने निर्णय गऱ्यो । कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोनसहितको संक्रमण बढ्दै गएपछि हलमा पुग्ने दर्शकको खडेरी लागिसकेको थियो । त्यसमाथि सरकारले बन्द गर्ने निर्णय गरेपछि चलचित्र क्षेत्र फेरि थला पऱ्यो । सरकारले माघ मसान्तसम्म चलचित्र क्षेत्र बन्द गर्ने निर्णय गरेको छ । अहिले संक्रमणदर केही ओरालो लाग्दै गएका कारण फागुनबाट चलचित्र क्षेत्र खुल्ने अपेक्षा छ । तर अहिले नै खुल्ने वा नखुल्नेबारे केही भन्न सक्ने अवस्था छैन ।

सरकारले पहिलो लहरको संक्रमणको समय जस्तै अहिले पनि चलचित्र क्षेत्रलाई उपेक्षा गर्दै आएको छ । हालै सम्पन्न भएको नेपाल र अफ्रिकी मुलुक मरिससबीचको फुटबल खेलमा सरकारले रंगशालामा खोप लगाएका दर्शकलाई उपस्थिति दिएको थियो । रंगशालामा दर्शकको भीड उल्लेख्यरुपमा थियो । संक्रमण भीडभाडमा बढी फैलिन्छ भने रंगशालाको भीडले पनि फैलिन्छ नै । तर सरकारको नजरमा चलचित्र हेर्न सिनेमा हल पुगेका दर्शकबाट मात्रै कोभिड फैलिन्छ भन्ने छ । सरकारले चलचित्र क्षेत्रको विकासका लागि भए पनि खेलकुद क्षेत्रमा जस्तै खोप लगाएका दर्शकलाई चलचित्र हेर्न छुट दिनु पर्ने हो । आधा क्षमतामा सिनेमा हल सञ्चालन गर्न दिँदा पनि चलचित्रकमीहरुलाई केही राहत हुन्थ्यो । तर सरकारले यसबारे अझै केही उपयुक्त निर्णय गर्न सकेको छैन ।

सरकारले यसअगाडि पनि पहिलो लहर र दोस्रो लहरबाट सबैभन्दा बढी प्रभावित चलचित्र क्षेत्रका लागि कुनै राहत प्याकेज ल्याएको थिएन र अहिले पनि ल्याएको छैन । अन्य केही क्षेत्रमा सरकारले राहत प्याकेज घोषणा गरेको थियो । तर सरकारको नजरमा चलचित्र क्षेत्र प्रभावित भएको नै परेन वा के पऱ्यो त्यो सरकारलाई नै थाहा होला । पहिलो लहरदेखि नै सबैभन्दा प्रभावित चलचत्रि क्षेत्रलाई सरकार उपेक्षा गर्दै आएको यसबाट पनि पुष्टि हुन्छ ।

चलचित्र क्षेत्र नै प्रभावित भएपछि त्यसमा आश्रित कलाकार तथा प्राविधिकहरुलाई असर हुने नै भयो । पहिलो लहरबाट प्रभावित चलचित्र प्राविधिकहरुको दयनीय अवस्था देखेर चलचत्रिकर्मीहरु नै राहत उपलब्ध गराउन जुटे । तर सरकारले भने आफ्नो तर्फबाट केही सहयोग गरेन । यसबाट पनि बुझ्न सकिन्छ कि चलचित्र क्षेत्रलाई सरकारले प्राथमिकतामा नै राखेको छैन ।

चलचित्र क्षेत्रको विकास गर्छौं भनेर प्रतिबद्धता जनाउने सरकारका नेतृत्वकर्ताहरु नै चलचित्र क्षेत्रलाई उपेक्षा गर्दै आएका छन् । त्यसैले चलचित्र क्षेत्रको विकासका लागि सरकारले कुनै राहत प्याकेज ल्याउनुपर्छ । जसबाट चलचित्र क्षेत्रमा आश्रित हजारौं कलाकार तथा श्रमिकहरु लाभान्वित हुन पाउने छन् । त्यस्तै सरकारले अरु क्षेत्रलाई जसरी नै स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउँदै चलचित्र क्षेत्र पनि खुल्न दिनुपर्छ अनि मात्र नेपालको चलचित्र क्षेत्रले आनन्दको श्वास फेर्न पाउने छ ।

यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह
हार्दिक
बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी
वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा
प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई
तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
हेम गुरुङ
अध्यक्ष, तथा
SOS GROUP
एस ओ एस ग्रुप
परिवार
धापासी, काठमाडौं, नेपाल, फोनः ४३५५७४५

यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह
हार्दिक
बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी
वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा
प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई
तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
शम्भु गौतम
प्रवन्ध निर्देशक, तथा
स्यारोन मेनपावर सर्भिस प्रा. लि.
परिवार
बानेश्वर-०९, काठमाडौं, नेपाल, फोनः ४४८१५०५



■ भूमिका कोइराला

## कोरोना कहानी

# बदलिएको विश्व

स्वास्थ्यका हिसाबले जति स्वतन्त्र भएर मानिस जीवन बिताइरहेका थिए, त्यसमा कोभिड महामारीले व्यापक परिवर्तन गर्‍यो । कोभिड महामारीका कारण विश्वभरका मानिस 'पिँजडामा थुनिएको चरा' जस्तै भए ।

❝ उत्तरी छिमेक चीनको वुहान भएर फैलिएको कोरोना भाइरसको तेस्रो भेरियन्टसम्म आमसंस्कृतिमा असाध्यै ठूलो परिवर्तन आएको छ । सँगै, महामारीबाट जीवनरक्षा गर्न अपनाइएको प्रोकोटलका कारण असाधरण पीडा खेप्न आमनागरिक विवस बनेका छन् ।

११ मार्च २०२० मा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले कोरोना भाइरस (कोभिड-१९) संक्रमर्ण विश्वव्यापी महामारी घोषणा गर्‍यो । २०१९ डिसेम्बरमा चीनको वुहान राज्यमा पहिलो पटक कोभिड संक्रमण पहिचान भएको थियो । त्यसपश्चात् कोभिड संक्रमण विश्वव्यापी रुपमा फैलियो । सजिलै एकबाट अर्को मानिसमा सर्ने कोरोना संक्रमणले विश्वको जनजीवन नराम्रोसँग प्रभावित पारिरहेको छ ।

संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विश्वका हरेक मुलुकले विभिन्न उपाय अपनाएका छन् । कोभिडविरुद्ध विभिन्न देशका वैज्ञानिकहरुले खोप तयार पारेका छन् । तर, अहिलेसम्म कोभिडविरुद्धको पूर्ण खोप तयार भएको छैन । अहिले विश्वभर उपयोग गरिएको कोभिडविरुद्धको खोप पनि रोकथामका लागि मात्र हो । खोपले केही हदसम्म संक्रमण नियन्त्रण त गरेको छ, तर पूर्ण रुपमा निर्मुल भने पारेको छैन ।

विश्वको स्वास्थ्य प्रणाली नै अस्तव्यस्त बनाएको कोभिड महामारीले मानिसको जीवनयापनमा पनि धेरै परिवर्तन ल्याइदियो । स्वास्थ्यका हिसाबले जति स्वतन्त्र भएर मानिस जीवन बिताइरहेका थिए, त्यसमा कोभिड महामारीले व्यापक परिवर्तन गर्‍यो । कोभिड महामारीका कारण विश्वभरका मानिस 'पिँजडामा थुनिएको चरा' जस्तै भए ।

महामारी नियन्त्रणका लागि लागू गरिएको लकडाउन, विभिन्न क्षेत्रमा लगाइएको प्रतिबन्ध, मास्कको प्रयोग, सामाजिक दूरी कायम गर्नुपर्ने प्रावधान लगायत बाध्यताले मानिस एकप्रकारले पिँजडामा नै थुनिएजस्तो भए । महामारीले मानिसको जीवनयापनमा के कस्ता परिवर्तन ल्यायो हेरौं ।




### ■ सामाजिक दूरी

कोभिड महामारी रोकथामका लागि सबैभन्दा पहिलो उपाय बन्यो- सामाजिक दूरी । एकबाट अर्को मानिसमा सजिलै सर्ने यस संक्रमण रोकथामका लागि भौतिक/सामाजिक दूरी कायम राख्नु अपरिहार्य बन्यो । जसअनुसार, विश्वभर सामाजिक दूरीका लागि नियम बनाउँदै भीडभाड हुने क्षेत्रमा प्रतिबन्ध लगाए । जसका कारण मानिसहरु आफ्ना आफन्त तथा साथीभाइसँगको सम्बन्धमा नयाँ संस्कृति देखा परे ।

### ■ मास्कको प्रयोग

नाक र मुखबाट सजिलै सर्ने यस संक्रमणबाट जोगिन विश्व नै अहिले मास्कको साहरामा छ । हरेक मानिस अनुहारमा मुख र नाक ढाकिने मास्क लगाउन बाध्य भए । हुन त महामारीबाट जोगिन लगाइएको मास्कले मानिसमा सामान्य रुघा खोकीको समस्या पनि ह्वात्तै कम गरेको विभिन्न अध्ययनले देखाएका छन् । धुलो धुवाँमा मात्र मास्कको प्रयोग गर्ने मानिस अहिले हरेक समय मास्कको प्रयोग गर्न बाध्य भयो ।

### ■ 'वर्क फ्रम होम'

महामारीले सिकाएको सामान्य, तर नयाँ उपाय 'वर्क फ्रम होम' प्रयोगमा आयो । कोभिड संक्रमण रोकथामका लागि कार्यालय नगई आ-आफ्नै घरबाट काम गर्ने कार्य पनि मानिसहरुले अवलम्बन गरे । यसको उद्देश्य कार्यालयमा कर्मचारीहरुबीच भौतिक दूरी कायम राख्नु हो ।

### ■ संस्कृति र परम्परा

कोभिड संक्रमणका कारण विभिन्न समुदायमा हुने सांस्कृतिक परम्पराहरु पनि प्रभावित बने । मन्दिर, चर्च, गुम्बा तथा मस्जिदहरु बन्द हुँदा धार्मिक गतिविधि प्रायः ठप्प नै भयो । संक्रमण बढ्दा लकडाउन तथा प्रतिबन्धात्मक आदेशहरुमा हरेक देशले धार्मिक कार्यक्रममा पनि रोक लगाए । जसका कारण परम्परा अनुसार गर्नैं पर्ने ठूला धार्मिक मेला, जात्राहरु सामान्य विधिमै सीमित गर्नुपर्ने भयो।


– बाँकी पृष्ठ त मा









यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह

# हार्दिक शुभकामना

## मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी

# २० औं वर्षमा

प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

डायल अप मिडिया प्रा. लि.
Dial Up Media Pvt. Ltd.
Authorized Agency for Advertisement
Tinkune, Kathmandu, Nepal.
Tel.: 01-4111541, 9851071408, 9802071408, 9851210895
Email : dialupmedia@gmail.com

Sabi Bajracharya
Proprietor
9866402482
Satyaraj Chaulagain
Managing Director
9851091605
Simple Ad Media
* For all kinds of advertisement.
* Serial & tele serial direction.
Anamnagar, Kathmandu, Nepal
activemediahouse@gmail.com

Rainbow Media Pvt. Ltd
Anamnagar, Kathmandu, Nepal
rainbowmedia55@gmail.com
+977-01-4102510

Grand Media House Pvt. Ltd
An Advertising Agency
Madhav Khanal
Managing Director
Cell : 9851045388, 9813642208,
Grand Media House Pvt. Ltd. Bagbazar, Kathmandu
Email : ad.grandmedia@gmail.com
We provide all kinds of Advertising and Printing Service.

नेपालको जुनसुकै पत्रपत्रिका, टेलिभिजन, एफ.एम. अनलाईनहरुमा सर्व सुलभ रुपमा विज्ञापन गर्नको लागि हामीलाई सम्झनुहोस् ।
SUNMOON Media Pvt. Ltd.
Lazimpat - 2, Kathmandu, Nepal
Phone: 4441775, 4002032
Mob.: 9851036249, 9851196549, 9841681970
Email : mediaforadvt@gmail.com
Web: www.sunmoonmedia.com.np
"call us for effective and innovative advertising and designing"

Que Media & Marketing
Que Media & Marketing P. Ltd.
New Baneshwor, Kathmandu, Nepal
Contact No. 01-4785404
Email: q.medianepal@gmail.com, quemediamarketing@outlook.com

नवराज दहाल (छविलाल)
प्रबन्ध निर्देशक
९८५१०८६२४२
Sewakendra
सेवा केन्द्र मिडिया प्रा.लि.
का.म.न.पा.३२, कोटेश्वर, काठमाडौं
ई-मेल: jana.prawah@gmail.com, yourmediask@gmail.com
राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिका, टी.भी., रेडियो, अनलाईनहरुमा विज्ञापन प्रकाशन तथा प्रसारण गर्न परेमा तथा वृत्तचित्र निर्माणको लागि हामीलाई सम्झनुहोस् ।

Genesis
Arun Adhikari
Genesis Service Pvt. Ltd.
Baluwatar, Kathmandu
01-4444551, 4425820
ad.dhanus@gmail.com
365 Days
• Planning • Designing • Advertising

Pooja Dahal
Managing Director
Good Impression Media Pvt. Ltd.
Kathmandu-31, Sankhamul
9749340281, 9840003754
goodimpressionmedia@gmail.com

JAYA LALIGURANS
INVESTMENT & TRADING COMPANY PVT. LTD.
Lalitpur-3, Hariharbhawan
+977-01-5010711, 5010610
jayalaligurans@gmail.com
OUR SERVICES:
ADVERTISING AGENCY
PRINTING PRESS
PROPERTY VALUATION

9845328688
kawasotimedia@gmail.com
कावासोती, नवलपुर
कावासोती मिडिया हाउस

Japan Gurung
Executive Director
Palika Advertising and Suppliers Pvt. Ltd.
Bagbazar, Kathmandu, Nepal
Email: palikaadd@gmail.com
We provide all Kind of Advertising and Supply Services for Government and Private Sector.

Managing Director
Kamala Dangi
Trilaxmi
Advertising Services Pvt. Ltd.
+977 9851324771
Tokha-08, Kathmandu
trilaxmiadvertising14@gmail.com
kushmadangi86@gmail.com
All kinds of advertising publication.

KAP MEDIA PVT. LTD.
Kathmandu-29, Anamnagar, Kathmandu
Email: kapmedia6@gmail.com

विरेन्द्र कुमार शाह
जनक दरवार मिडिया प्रा.लि.
परिवार
लहान, सिराहा
सम्पर्क नं.: ९८६०३१२५७५, ९८१७८५१९६३
इमेल: biruazad66@gmail.com

OUTREACH NEPAL
OUTREACH NEPAL PVT. LTD.

SMD Smart Media
Services
Advertising Services
Design & Illustration
Printing Services
T-shirt, Cap, Hat, Keyring, Bags etc.
SMD Smart Media Pvt. Ltd.
Dillibazar, Kathmandu, Nepal
Email: smdsmartmedia@gmail.com

KAROBAR MEDIA
KAROBARMEDIA Pvt. Ltd.
Kamaladi, Kathmandu, Nepal
977-1-4232329 | 4232045 karobarmedia@gmail.com

सौर्य एड्भरटाइजिङ प्रा.लि.
परिवार
नेपालगंज, बाँके
इमेल: advertising.saurya@gmail.com

9851325488
Media With Technology
Rajbiraj, Saptari

Akshaya Publication & G Media Pvt. Ltd.
PHONE 01-5554815, 5549880 G.P.BOX 8450
EMAIL gmedia07@gmail.com
ADDRESS Kopundole, Lalitpur, Nepal

Our Services
Our Work
Is on time
Rajendra Rana
(Managing Director)
+977-9869835007
+977-9803662260
RR MEDIA
ADVERTISING AGENCY
Kapan, Kathmandu
rajendra.rana009@gmail.com
rradmedia2020@gmail.com

HALLFAX MEDIA & COMMUNICATION
All Kinds of Advertising, Designing & Printing Solution
Jamal, Kathmandu, Tel: 01-4012577
mediahallfax@gmail.com

बिपिन अधिकारी
9855014707
सगरमाथा मिडिया हाउस
भरतपुर-९, चितवन
सेवाहरु:
विभिन्न राष्ट्रिय दैनिक पत्रपत्रिकामा सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
E-mail: sagarmathamediahouse12@gmail.com

# हार्दिक शुभकामना

यात्रा २० औं वर्षको
१९ औं वार्षिकोत्सव
मध्यान्ह

मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
## २० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र प्रजापति
प्रबन्ध निर्देशक
राकेश प्रजापति
बजार व्यवस्थापक
MR ADVERTISING AGENCY PVT. LTD.
एम. आर. एड्भरटाइजिङ्ग एजेन्सी प्रा. लि.
ठोस्रा, काठमाडौं, सम्पर्क नं.: ९८४६७००२९१
इमेल: mradvtagency@gmail.com

किरण पौडेल
प्रोप्राइटर
chitwanadvertising@gmail.com
चितवन एडभरटाइजिङ्ग तथा मिडिया सर्भिस
राजधानी सञ्चारपत्र चितवन पोष्ट गोरखापत्र
मध्यान्ह कान्तिपुर नयाँ पत्रिका नागरिक

जेनी शाक्य
अध्यक्ष
त्रिरत्न सञ्चार गृह प्रा.लि.
खाँदबारी, सखुवासभा

श्याम खतिवडा
अध्यक्ष
गौरी शंकर मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५११५४२५२
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

AdCircle
Ad Circle Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal, Tel: 01-5900268, 9851088112
adcircle.marketing@gmail.com, www.adcircle.com.np

Bikash Lamichhane
Managing Director
9851003825, 9841537872
Babar Mahal, Kathmandu
SS MEDIA PVT. LTD.

COSMOS ADVERTISING
Cosmos Advertising & Media P.Ltd.
Kupandole, Lalitpur
9851077965, 9801077965 | 01-590 4780, 590 5667
cosmosagency@gmail.com cosmosadvertising.com
World of Media

fullCircle
Ensuring INTEGRITY for your Brand

Fulcrum
CONSULTING PVT. LTD.
Naya Baneshwar, Kathmandu
+977.1.4487306
info@consultfulcrum.com
www.consultfulcrum.com

सुष्मा दहाल
प्रबन्ध निर्देशक
टिस्टा कांगडा मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५१०५४१६०
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

WELCOME
ADVERTISING & MARKETING
Bhimsengola, Old Baneshwor Kathmandu, Nepal
977-1-4116227, 4494842
info@welcomeadnepal.com
www.welcomeadnepal.com

Saral Advertising Media
Saral Advertising Media
Biratnagar, Morang

Fastech Media Agency
Our Services
Advertisement
IT Solutions
Video Documentary
Managing Director
SUBAS RIMAL
9851080671
info.fastechmedia@gmail.com
Sundarharaincha-09, Morang

Herald Media & Advertising Agency (P) Ltd.
हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि.
बागबजार, काठमाडौं ।
फोन नं. ०१-५३४५३४४
Email : heraldadagency@gmail.com

EVEREST AD. & EVENT MANAGEMENT
Tel: 015441875
Kupondole, Lalitpur, Nepal

Pragati Advertising Agency
प्रगती एडभरटाइजिङ एजेन्सी
काठमाडौ । सम्पर्क नं.:९८५५०२३०४४

SUMI
Sumi Publication Pvt. Ltd.
Dakshinkali Municipality-1, Chalnakhel, Kathmandu
Email: sumipublication2077@gmail.com

देविका शर्मा
अध्यक्ष
बिहानी मिडिया
विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा सूचना विज्ञापन प्रकाशित गर्नुका साथै भिडियो डकुमेन्ट्री सम्बन्धी कामहरु गर्न परेमा हामीलाई सम्झनुहोला ।
ठेगाना : कोहलपुर ११ बाँके
इमेल : bihanimedia29@gmail.com

Dinesh Regmi
Managing Director
9851181298
ऐना
Aina Advertisement Pvt. Ltd.
Kathmandu-10 Tel: 01-4780105
Email: aniaadvertisement@gmail.com

JP
कृषा मिडिया प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं.: ९८४५५९०३८
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

Padam Raj Sanjyal
Managing Director
9851248152
Anamnagar, Kathmandu, Nepal
+977-1-5705064
innovativemedia2017@gmail.com
www.immbnepal.com.np
Innovative Media & Multiple Business Pvt. Ltd.

Trikon
Advertising Service
Subarna Shamsher Marg
Baluwatar, Kathmandu
Email: trikon@trikonadvertising.com
Tel.: 977-1-4425965, 4000536, 4411303
www.trikonadvertising.com

प्रकाश मिश्र
मो.: ९८४८४५५०८५
आभास संचार कम्पनी प्रा.लि.
घोडाघोडी न.पा.-१, कैलाली
इमेल: parkash220@gmail.com

4g
फोर जि मार्केटिङ्ग एण्ड डिष्ट्रब्यूसन प्रा. लि.
चावहिल चुच्चेपाटी-७, काठमाण्डौ ९८५११४३२२१ (विज्ञान दुंगाना)
4g.marketing2019@gmail.com

न्यायालयमा नजर

■ प्रकाश रायमाझी

# बिचौलिया न्यायाधीश

हड्ताल गर्ने न्यायाधीश र बारमा बसेर न्यायालयविरुद्ध ढुङ्गा हान्ने कुनैपनि व्यक्तिलाई आउँदा दिनहरुमा न्यायाधीशमा सिफारिस गर्ने वा सरकारले कुनै पनि सरकारी नियुक्ति गर्नुहुँदैन ।

> इमान्दार कानून व्यवसायी, न्यायधीश र पूर्वन्यायधीशले आफ्नो सम्पति आफै सार्वजनिक हिम्मत गर्नुपर्ने हो । उहाँहरुको हिम्मत खालि प्रधानन्यायधीसको राजीनामा अडिकएको देख्दा दया लाग्छ ।

नेपालको न्यायालयको इतिहासमा अत्यन्तै दुरावस्था उत्पन्न गराइएको छ । सर्वोच्च अदालत सम्मानित अदालत हो, यसको अन्तर्राष्ट्रिय क्षेत्रमा समेत विशिष्ट पहिचान स्थापित छ । नेपाली नागरिकको सबैभन्दा भरोसा केन्द्र सर्वोच्च अदालतले महत्वपूर्ण विषयहरुमा फैसला गरेर निष्पक्ष न्यायलयका रूपमा सर्वोच्च अदालतलाई राख्दै आएका छन् भने न्यायाधीशले आफ्नो छवि र मानमर्यादालाई समेत जोगाउन सफल भएका थिए । सर्वोच्च अदालतको इतिहास अहिले पनि केही महत्वपूर्ण राष्ट्रियताका सवालमा निर्णयहरु भएका छन् ।

२०६२/६३ पछि नेपालको न्यायालयको क्षेत्रमा विसंगतिहरु सुरुवात भई क्रमशः फस्टाउँदै गएका थिए । अदालत सुधारका नाममा विदेशी शक्तिलाई अदालतमा प्रवेश गरायो, न्यायाधीशदेखि कर्मचारीसम्म आइएनजिओको पैसाबाट प्रभावित पार्नेसम्मका कोशिस गरियो । सर्वोच्च अदालतमा न्यायाधीशको संख्या दोब्बर बृद्धि गरियो ।

राजनीतिक दलका भागबण्डामा न्यायाधीशहरुको नियुक्ति गर्न सुरु गरियो । योग्य दक्ष न्याय क्षेत्रका व्यक्तिहरूको न्यायाधीश बन्ने बाटो रोकियो । कानून व्यवसायीहरुमा पनि नाम नसुनिएका, क्षमता नभएका आफ्नो क्षेत्रमा प्रतिभाका देखाउन नसक्नेहरुलाई न्यायाधीशमा ल्याउने प्रचलन सुरु गरियो । राजनीतिक दलले सत्तामा छँदा गरेका आफ्ना अपराधकर्महरुलाई सर्वोच्च अदालतबाट चोख्याउनका निमित्त अनुकूल हुने गरी पाटीको वस्त्र ओढेका कानून व्यवसायीहरुलाई सर्वोच्च अदालतमा प्रधानन्यायाधीश हुने लाल्छीका साथ जथाभावी नियुक्ति गरियो ।

त्यसपछि सर्वोच्च अदालतले सेवाग्राही र जनताको पक्षमा फैसला गर्नुभन्दा राजनीति दलको इशारामा न्यायाधीशहरुले आदेश दिने, फैसलाहरु गर्ने प्रवृत्ति हावी हुँदै आयो । पर्दा पछाडिबाट एकजना पूर्वप्रधानन्यायाधीशको इसारामा सर्वोच अदालत सञ्चालन हुने प्रयत्न भयो । न्यायलय सुधारको नाममा नेपाल बारले कार्तिकबाट नियोजित रूपमा



आन्दोलनको नाटक मञ्चन गऱ्यो ।

यसले गर्दा सर्वोच्च अदालतको गरिमा सिध्याउने खालका उच्छृङ्खल, अराजक गतिविधिहरु सर्वोच्च न्यायलयमा एकाएक देखा पर्न थाले । त्यही मौकामा केही सर्वोच्चका न्यायाधीशहरुले आफूलाई प्रधानन्यायाधीश हुने सपना पनि देख्न थाले । तीन वटासम्म फरकफरक जन्ममितिका नागरिकता भएका न्यायाधीश पनि प्रधानन्यायाधीसको दिवा सपनामा आन्दोलनलाई सघाउन पुगे । सर्वोच्चकै न्यायधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित न्यायालय सुधारको निमित्त एउटा प्रतिवेदन पनि तयार गरिएको छ ।

त्यस प्रतिवेदनमा नेपाल बार सर्वोच्चको सेटिङ कमिटी र न्यायाधीशका बीचमा बार र कानून व्यवसायीबाट अपारदर्शी काम भएको छ भनिएको छ । प्रतिवेदनमा कानून व्यवसायीहरुलाई बिचौलियाको ट्याग लगाइएको छ । प्रतिवेदन बनाउनेले बिचौलियालाई राम्रोसँग चिनेको हुनुपर्छ अन्यथा सबै कानून व्यवसायीहरुलाई बिचौलियाको ट्याग लगाउनु उपयुक्त होइन । बिचौलियाको ट्याग लगाएर सबै कानून व्यवसायीको मानमर्दन पनि भएको छ ।

नेपाल-बारका केही वरिष्ठ भनिएका कानूनका सौदागरहरुले न्यायालयलाई बन्धक बनाएर आन्दोलनको माध्यमबाट सर्वोच्च अदालतलाई कब्जामा लिने प्रयत्न भयो। केही पाटीको वस्त्र आढेका कानून व्यवसायीलाई वरिष्ठ अधिवक्ता बन्ने, पाटीको वस्त्र ओढेका केही कानून व्यवसायी उच्च अदालतको न्यायाधीश बन्ने र पाटीको वस्त्र ओढेका केही वरिष्ठ अधिवक्ताहरु सर्वोच्चमा समेत न्यायाधीश हुने योजनामा हिसाबकिताब गरेरै आन्दोलन सामेल भएको जगजाहेरै छ ।

आन्दोलन गरेर न्यायाधीश बन्ने आन्दोलन माध्यमबाट प्रधानन्यायाधीश खाने सपना बोकेका बिचौलियाका नाइकेले गर्दा सर्वोच्च अदालतमा लाखौं सर्वसाधरण न्याय पाउनबाट बन्चित हुन पुगेका छन्, भने हजारौंहजार मुद्दा अलपत्र पारेर राखिएका छन् । सर्वोच्च बारले सर्वोच्च अदालतमा पत्र पठाएर अझैपनि दुई घण्टा दिनमा मुद्दा हेर्न रोकी राखेका छन् । सर्वोच्च अदालतबाट एनसेलको मुद्दा ४८ अर्ब रुपैयाँ नेपाल सरकारलाई तिर्नुपर्ने भएपछि एनसेल कानूनी सल्लाहकार रहेका सर्वोच्च बारका कानून व्यवसायीहरूको षड्यन्त्र युरोपियनयुनियनको पैसामा बारको आन्दोलन भएको बुझिन्छ ।

नेपाल बारको कथित आन्दोलनबाट सर्वोच्चकै एकजना न्यायाधीश प्रधानन्यायाधीश बनेपछि – बाँकी पृष्ठ त मा

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश बोहरा
कार्यसमिति सदस्य
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
मार्स म्यानपावर सर्भिसेज प्रा.लि.
परिवार
सुकेधारा काठमाडौं, फोन: ४३७५४२२, ४३७८६६९

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
बिज बहादुर ब्लोन
चियरम्यान
तथा
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.
परिवार
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल । फोन: ०१-४३७८८४२, ४३७८९३६

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अख्तर हुसेन
(चियरम्यान)
तथा
ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.
परिवार
भिमसेनगोला, बानेश्वर-३४, काठमाडौं । फोन नं.: ४११००६९

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
परिवार
ताचिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन नं. ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
चन्द्रसिहं अदै
प्रवन्ध निर्देशक
तथा
जब्स ग्लोबल डट कम इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
परिवार
पानीपोखरी, काठमाडौं, नेपाल, फोन: ४००२६२४, ४००२६२५

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
पासा ईन्टरनेशनल प्रा. लि.
परिवार
कुपण्डोल, ललितपुर, फोन: ५५३९३३१



■ हिमबिक्रम केसी

क्रिकेट क्रेज

# खुल्दै व्यावसायिक ढोका

## स्वास्थ्य र राष्ट्रका लागि खेलिने नेपाली खेलकुद फ्रेन्चाइजको प्रयोगसँगै अब विस्तारै व्यवसायिक बन्दै गएको देखिन्छ ।

> ६ कोरोनाको प्रभावपछि डीपीएल र पीपीएल चलायमान हुन सकेका छैनन्, तर ईपीएलको पछिल्लो संस्करण यसै वर्ष सम्पन्न भएको छ ।

अन्तरराष्ट्रिय प्रतियोगितामा सफलता हासिल गरेसँगै नेपालमा क्रिकेटको लोकप्रियता चुलिन थाल्यो । नेपालले अन्तराष्ट्रिय एरिनमा प्राप्त गरेको सफलता र लोकप्रियताका आधारमा नेपाली खेलकुदमा फ्रेन्चाईज क्रिकेटको सुरुवात भएको हो ।

राजनीतिक हस्तक्षप र अपारदर्शी निर्वाचन प्रक्रियालाई कारण देखाउँदै अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी)ले नेपाल क्रिकेट संघ (क्यान)लाई निलम्बन गरेको थियो । घरेलु क्रिकेटका गतिविधि शुन्य रहेको अवस्थामा पश्चिम नेपालमा फ्रेन्चाईज क्रिकेट प्रतियोगिता धनगढी प्रिमियर लिग (डीपीएल) सुरु भएको थियो । त्यसअघि सानो स्केलमा फ्रेन्चाईज प्रतियोगिताको अभ्यास नभएको हैन, तर त्यसले राष्ट्रिय महत्व पाएको थिएन ।

डीपीएलको सफलतासँगै काठमाडौंमा क्रिकेटकै अर्को फ्रेन्चाईज सुरु भयो । एभरेस्ट प्रिमियर लिग (ईपीएल) को नाममा सञ्चालित प्रतियोगिताले नेपालका ठुला व्यवसायीक घरानालाई जोड्ने काम गऱ्यो ।

खेलकुदमा खासै नदेखिने ठुलो व्यवसायिक घरानालाई ईपीएलले 'एक्सपोजर' गरेको थियो । ईपीएलसँगै खेलकुदको शहरको रुपमा परिचित पोखरामा क्रिकेटकै अर्को फ्रेन्चाईज सुरु भयो, पोखरा प्रिमियर लिग (पीपीएल) । क्रिकेटको आधिकारिक निकाय क्यान निलम्बनमा भएको अवस्थामा घरेलु क्रिकेटमा तीन ठूला प्रतियोगिता सञ्चालनमा आएका थिए । कोरोनाको प्रभावपछि डीपीएल र पीपीएल चलायमान हुन सकेका छैनन्, तर ईपीएलको पछिल्लो संस्करण यसै वर्ष सम्पन्न भएको छ ।

क्रिकेटमा फ्रेन्चाइज प्रतियोगिताको आगमनसँगै नयाँ खेलाडी देखिएका मात्र छैनन्, क्रिकेटको समग्र उत्थानमा यसले भूमिका खेलेको छ । फ्रेन्चाईज प्रतियोगिता जति ठुलो बन्दै गएका छन्, खेलाडीको राम्रो आयस्रोतको बाटो समेत खुलेको छ ।

क्रिकेटकै सफलतासँगै फुटबलमा समेत फ्रेन्चाइजको प्रयोग भयो । देशकै ठुलो व्यापारिक घराना चौधरी ग्रुप आबद्ध नेपाल स्पोर्टस एण्ड ईभेन्ट म्यानेजमेन्टले नेपाल सुपर लिग (एनएसएल)को नाममा फुटबलको फ्रेन्चाईज प्रतियोगिताको सुरुवात गर्यो ।



देशका ७ कर्पोरेट हाउसलाई समावेश गर्दै सुरुवात गरिएको एनएसएलले दोस्रो संस्करण आगामी चैत महिनाबाट सुरु हुँदैछ । आयोजकका अनुसार केही टिम थप गर्दै एनएसएललाई अझ वृहत बनाउन लागिएको छ । घरेलु फुटबलको सर्वोच्च संस्था अखिल नेपाल फुटबल संघ (एन्फा) ले एनएसएललाई कुनै श्रेणीको रुपमा वर्गिकरण त गरेको छैन । तर, पहिलो संस्करणमै प्रतियोगिताले गहिरो छाप छाड्न सफल बन्यो । यसले फुटबलको व्यवसायीकरणमा ठुलो भुमिका खेल्ने देखिन्छ ।

कोभिडको महामारीको अवस्थामा समेत एसएसएलको सफल आयोजना भयो । दर्शकको राम्रै प्रतिक्रिया एनएसएलले प्राप्त गर्यो । शहरलाई फ्रेन्चाईज टिमको रुपमा समावेश गर्दै आयोजना गरिएको एनएसएलले पहिलो संस्करणमै आफुलाई राम्रो प्रतियोगिताको रुपमा स्थापित गर्न सफल बन्यो ।

फुटबलमा प्राप्त सफलतासँगै यही समूहले भलिबलको समेत फ्रेन्चाईजको औपचारिक घोषणा गरेको छ । समय निश्चित त छैन, तर भलिबलको महिला र पुरुष दुवै स्पर्धाका प्रतियोगिता चाँडै सञ्चालन गर्ने आयोजकको तयारी छ । राष्ट्रिय खेलको रुपमा खासै प्रगति गर्न नसकेको भलिबलमा फ्रेन्चाईजको आगमनसँगै ठुलो परिवर्तन हुने विश्वास गरिएको छ ।

क्रिकेटबाट सुरुवात भएको घरेलु खेलकुदमा फ्रेन्चाईजको प्रयोग फुटबल र क्रिकेटसम्म आईपुगेको छ । केही हप्ता अघि मात्र ईभेन्ट म्यानेजमेन्ट कम्पनी टर्नपाईकले बास्केटबलको फ्रेन्चाईज प्रतियोगिताको औपचारिक घोषणा गरेको छ । नेपाल बास्केटबल संघसँग मिलेर टर्नपाईकले नेशनल बास्केटबल लिगको घोषणा गरेको हो । यसले कोमामा पुगेको बास्केटबल पुन ब्युँतिने आश खेलाडी र सिंगो खेलकुदले गरेको छ ।

सबै फ्रेन्चाईज प्रतियोगिताको व्यापार मोडल भनेको विभिन्न खेल र टिममा कर्पोरेट क्षेत्रलाई आबद्ध गर्ने र खेलको माध्यमबाट व्यापारको प्रवर्द्धन गर्ने हो । यसले खेलकुदको विकास र वस्तु तथा सेवाको प्रवर्द्धन सँगसँगै हुने गर्दछ । स्वास्थ्य र राष्ट्रका लागि खेलिने नेपाली खेलकुद फ्रेन्चाइजको प्रयोगसँगै अब विस्तारै व्यवसायिक बन्दै गएको देखिन्छ । विभिन्न व्यापारिक घराना फ्रेन्चाईज प्रतियोगितामा जोडिएर व्यापार प्रवर्द्धन गरिरहेका छन् ।

– बाँकी पृष्ठ त मा

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मोहम्बद जनेद
संचालक, तथा
खोजी रिक्रूटमेन्ट सर्भिसेस प्रा. लि.
परिवार
सानेपा-२, विजयबस्ती, रिङरोड, ललितपुर । फोन: ५५५५८९६,

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
वाइ वी राई
प्रवन्ध निर्देशक, तथा
इण्टरनेशनल मेनपावर रिक्रुटमेण्ट प्रा. लि.
परिवार
ग्वार्को, ललितपुर, नेपाल, फोन: ५२०४३४६, ५२०४३४७, ५२०४३४८

हार्दिक बधाई तथा शुभकामना
विगत १९ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
सन्जु गुरुङ
प्रवन्ध निर्देशक
तथा
अल–करीम ह्युमन रिसोर्सेस प्रा.लि.
परिवार
जागृती मार्ग, महाराजगञ्ज–४, काठमाडौं, फोन: ४४२११०८

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कमलदेव मल्ल
(द्वितिय उपाध्यक्ष)
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
मेनपावर लिंक प्रा. लि.
परिवार
सुकेधारा, काठमाडौं, नेपाल, फोन: ४००८६९८, ४००८६९९

हार्दिक बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जनका साथै विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पूरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
एम एस काप्री
प्रवन्ध निर्देशक, तथा
लक्की एच. आर. शोलुसन प्रा. लि.
परिवार
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
दिपक थापा
(प्रबन्ध निर्देशक)
तथा
सदिक्षा ओभरसिज प्रा. लि.
परिवार
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं । फोन: ४३८०१८९, ४३८८२००, ४३८६५२५

## सशक्तीकरणम....

अवस्थामा सकारात्मक परीवर्तन ल्याउने हुनाले उनीहरुमा निर्णय गर्ने क्षमताको विकास र आर्थिक गतिविधीमा संलग्न हुन प्रेरीत गर्दछ । विपन्नताका कारण अधिकांश महिलाको जीवन ज्यादै कष्टकर र आर्थिक गतिविधीमा न्युन पहुँच रहेको छ । आर्थिक रुपमा सबल महिला परिवार, समाज र राष्ट्रका सम्पत्ति भएकाले उनीहरुको समुन्नतिका लागि सहकारी संस्थाबाट शेयर सदस्यलाई प्रदान गरीने वित्तीय सेवाको महत्वपूर्ण भुमिका रहेको हुन्छ। सहकारी संस्थाबाट प्राप्त हुने वित्तीय सेवाबाट सञ्चालन गरीने व्यवसायिक क्रियाकलापबाट महिला वर्गलाई विपन्नताबाट माथि उठ्न र चेतनाको विकास गरी आफ्नो समस्या आफै समाधान गर्ने क्षमताको विकास गर्न सकिन्छ । यही नै वास्तविक अर्थमा महिला सशक्तिकरण हो ।

पुँजीको अभावमा धेरैजसो महिलाहरु आफुसँग शीप, जाँगर र व्यवसायिक सम्भावना हुँदाहुँदै पनि आर्थिक गतिविधीमा संलग्न हुन सकेका छैनन्। यसका लागि आफु आवद्ध सहकारी संस्थाबाट प्राप्त हुने वित्तीय सेवाले व्यवसायी बन्ने अवसर प्रदान गर्दछ। पुँजीको आवश्यकता हुँदा कर्जा लिने र बचत जम्मा गर्ने बानीको विकास हुने भएकाले वित्तीय चेतनाको स्तर बढ्छ । यसका साथै समयसमयमा सहकारी संस्थाबाट सञ्चालन गरीने विभिन्न अभिमुखीकरण कार्यक्रम, अवलोकन भ्रमण र शीप विकास तथा व्यवसायिक तालिमले महिला वर्गलाई अर्थोपार्जन गर्ने अवसर प्राप्त हुनुको साथै सामाजिक क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्दछ । सहकारी संस्थाले विभिन्न महामारी, प्राकृतिक प्रकोप लगायतका विपत्तीमा आफ्ना सदस्यलाई आर्थिक/मानविय सहायताहरु प्रदान गर्दछन् । यसका साथै, महिला वर्गको चेतनास्तरमा भएको सकारात्मक परीवर्तनले समाजमा दैनिक रुपमा घटीरहने बहुविवाह, बालबिवाह, चेलिबेटी बेचविखन, मद्यपान, धुम्रपान, जुवातास लगायतका सामाजिक विकृतिको नियन्त्रण गर्न सहयोग पुग्दछ । समुदायमा सञ्चालन गरीने यस्ता जनचेतनामुलक कार्यक्रमले समाजमा भएका विकृति र विसंगति नियन्त्रण गरी सभ्य समाजको निर्माण गर्न सहयोग पुग्दछ ।

महिला सशक्तिकरणका लागि शिक्षा र रोजगारी महत्वपूर्ण विषय हुन् । यीनै विषयले उनीहरुमा चेतनाको विकास र आर्थिक सबलता प्रदान गर्दछ। सहकारी संस्थामा आवद्ध भएका महिला वर्गले सहकारी संस्थाबाट कर्जा लिई विभिन्न आयमुलक व्यवसाय सञ्चालन गर्ने, बचत जम्मा गर्ने बानीको विकास गर्ने, वित्तीय कारोवार सम्वन्धी ज्ञान हासिल गर्ने, कर्जा र वित्तीय अनुशासनको बारेमा सचेत रहने, सञ्चालक समितिमा प्रतिनिधीत्व गरी नेतृत्व विकास गर्ने, विभिन्न कार्यक्रम तथा तालिमबाट सक्षमताको विकास गर्ने लगायतका उपलब्धी लिन सक्दछन् । जसले गर्दा उनीहरु घरभित्रको चुल्होचौकाबाट बाहिर निस्केर समाज र राष्ट्रको विकासमा योगदान दिने, राजनैतिक नेतृत्वको विकास गर्ने, आर्थिक विषयमा निर्णय लिने, आफ्नो हक तथा अधिकारको पूर्णरुपले उपयोग गर्ने लगायतका कार्य गर्न सक्दछन् । तर नियम कानूनमा विभिन्न अर्थ लाग्ने शब्द राखी महिलालाई अवसर र भूमिका विहीन गराउने, पितृ सत्तात्मक सोंच लिई वित्तीय सेवा प्रदान गर्दा विभेदकारी व्यवहार गर्ने, लिंगको आधारमा विभेदकारी वातावरण सिर्जना गर्ने लगायत प्रवृत्तिले महिला सशक्तिकरण र समावेशी विकासमा धक्का पुग्ने अवस्था आउन सक्दछ। त्यसैले उल्लिखित विषयमा ध्यान दिदै सहकारीताको माध्यमबाट महिला वर्गको आर्थिक, सामाजिक र राजनैतिक विकास गरी महिला सशक्तिकरणको अभियानलाई अझै अगाडि बढाउनु पर्ने अवस्था रहेको छ ।

## बदलिएको .....

महामारीले स्वतन्त्ररुपमा धर्मकर्म गर्ने परम्परा नै सीमित बनाएर खुम्चाइदियो ।

### भोकले सिकाएको पाठ

संसारमा कयौं मानिस खाना खान होटल तथा रेष्टुरेन्टहरुको भर पर्छन् । तर, जब कोभिड महामारीका कारण विभिन्न देशमा लकडाउन लागू गरियो, त्यसपश्चात् होटल तथा रेष्टुरेन्टहरु बन्द भए । जसका कारण होटल र रेष्टुरेन्टमा भर परेका मानिसहरु घरमै खाना बनाउन बाध्य भए । घरमै उनीहरु किफायती एवं स्वच्छ खानेकुराहरु खान थाले जसले स्वास्थ्यलाई राम्रो गर्नुका साथै खर्च पनि कम गरायो । ती बानीका केही परिवर्तन कोभिड-१९ का कारण खाद्यान्न अभाव र भण्डारणको डरले उत्प्रेरित भएका थिए ।

### असमानताको खाडल

कोभिड-१९ को महामारीले मानव जीवन र अर्थतन्त्रमा नराम्ररी प्रभाव पारेको छ । तर, त्यो प्रभाव असमान भएको छ, किनकि यस रोगले केही समुदायहरूलाई अरूभन्दा बढी तहसनहस पारेको छ, केही जनसांख्यिकीय समूहहरूको भाग्यलाई बचाउँदै वा बढाउँदै गएको छ भने अरू सुकेर गए । महिला, अल्पसंख्यक र गरिबहरूले असमान रूपमा पीडा भोगेका छन् । किनकि महामारीले स्वास्थ्य, आर्थिक सुरक्षा र कल्याणमा पूर्व-अवस्थित खाडलहरूलाई बढाएको छ ।

### शिक्षाको दूर्दशा

कोभिड महामारीले शिक्षामा नराम्रोसँग प्रभाव पारेको छ । संक्रमण रोक्न विद्यालय बन्द गर्नुपर्ने बाध्यताले नियमित भइरहेको पठनपाठनमा धक्का लाग्यो । हुन त भर्चुअल माध्यमबाट विद्यालयहरुले पठनपाठनलाई निरन्तरता दिए ।

प्रविधिसँग नजिक भएकाहरुले उक्त सुविधा लिन सके तर प्रविधिको पहुँच नहुनेहरु शिक्षा लिनबाटै बञ्चित हुन पर्‍यो । भर्चुअल माध्यमबाट पठनपाठन भए पनि नौलो प्रयोग हुँदा यसले भौतिक उपस्थितिमा पठनपाठन गरे जस्तो नतिजा भने निकाल्न सकेन ।

त्यस्तै अल्पसंख्यक, गरिब लगायत पीछडिएका वर्ग झनै यसबाट प्रभावित भए । स्रोत साधन अपुग हुँदा उनीहरु बाध्यताले नै शिक्षा हासिल गर्नबाट बञ्चित हुन पुगे ।

### बेरोजगारीको पीडा

कोभिड महामारीका कारण विश्वकै अर्थतन्त्र नाजुक अवस्थामा पुग्यो । कयौं व्यपार व्यवसाय नै बन्द भए । जसको प्रत्यक्ष मारमा श्रमिक वर्ग परे । व्यापार व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था सिर्जना भएपछि त्यसमा आश्रित कयौं श्रमिक रोजगारविहीन हुन पुगे । कयौंको तलब, सेवा सुविधामा कटौती गरियो । शैक्षिक, सञ्चार, कलकारखान, होटल रेष्टुरेन्ट, पर्यटनदेखि सामान्य व्यवसायमा कार्यरत कयौं कर्मचारीहरु बेरोजगार बने भने कयौं कर्मचारीहरु आधा पारिश्रमिकमा काम गर्न बाध्य भए।

### प्रकृतिसँग नयाँ सम्बन्ध

कहिलेकाहीँ विश्वव्यापी महामारीले हामीलाई हाम्रो पहिलेको पृष्ठभूमिमा लैजान मद्दत गर्छ । कोभिड महामारीले 'क्वारेन्टिन' र 'सामाजिक दूरी' जस्ता सर्तहरू ल्यायो, लकडाउन भयो, जसका कारण रोजगारी तथा अन्य सिलसिलाका लागि शहर आएका मानिसहरुलाई आफ्नो गाउँ फर्किन अभिप्रेरित गर्‍यो। किसानी पेशा छाडेर अन्य काम अंगाल्न लामो यात्रा तय गरेकाहरु पुनः किसान बन्न फर्किए, आफ्ना पुराना पेशा अंगाल्न तयार भए। एक हिसाबले भन्नु पर्दा मानिसहरु प्रकृतिसँग नयाँ सम्बन्ध स्थापित गर्न अग्रसर भए। भीडभाड मुक्त तथा स्वच्छ वातावरणमा बस्नुपर्छ भन्ने पाठ पनि महामारीले सिकायो ।

### मानसिक स्वास्थ्य संकट

कोभिड महामारीले मानव जीवनमा एक मानसिक स्वास्थ्य संकट पनि निम्त्यायो । एक्लोपन, आवश्यकता भन्दा बढी फुर्सद, आम्दानीको स्रोत बन्द, रोग लाग्ने भय लगायतका कारणले मानिसमा एक मानसिक स्वास्थ्य संकट देखा पर्‍यो । यसबाट कयौं मानिसहरु पीडित पनि भए। रोग लाग्ने भयले एक्लिन बाध्य मानिसमा नकारात्मक सोचाइ विकसित हुँदा मानसिक रोगबाट पीडित ग्रसित हुने सम्भावना बढ्दै गएको हो ।

भेटघाटको शैली परिवर्तन

महामारीले मानिसहरुबीचको भेटघाटमा नै परिवर्तन ल्यायो। हात मिलाएर, अंगालो हालेर भेटको खुसी साट्ने मानिसहरु नमस्कार तथा परैबाट हात हल्लाएर खुसी साट्न बाध्य भए । छुँदा वा टासिंदा कोभिड संक्रमण सर्ने त्रासले मानिस-मानिसबीचको भौतिक आत्मियतालाई टाढा बनाइदियो । भौतिक दूरी कायम गर्नुपर्ने बाध्यताले होटल रेष्टुरेन्ट, पार्क एवं मनोरन्ज स्थलमा पुगेकाहरु पनि एक-आपसमा दूरी कायम गर्दै रमाउन बाध्य भए ।

माथि उल्लेखित बुँदाहरु त महामारीले ल्याएको परिवर्तनका केही पाटाहरु मात्र हुन् । कोभिड महामारीले मानव जीवनमा धेरै परिवर्तनहरु ल्याएको छ। जसका केही फाइदा पनि छन् भने कयौं बेफाइदा पनि छन् । जसको असर मानिसले दीर्घकालसम्म भोगिरहनु पर्ने छ। कोभिड महामारी नै अन्त्य भए पनि अहिले मानव जीवनमा भएका परिवर्तनहरु तत्कालै हट्ने सम्भावना छैन । आश गरौं कोभिड महामारी छिट्टै अन्त्य होस् र मानव जीवन सहज बनोस् ।

## बिचौलिया....

एनसेलको मुद्दा बदर गराउने योजनामा आर्थिक स्रोतजुटेको तथ्य पनि सबैलाई विदितै छ। नेपालका पथभ्रष्ट कानून व्यवसायीको आन्दोलनप्रति जनतामा ठूला आक्रोश देखिँदै गएको छ ।

सर्वोच्च अदालतको परिसरमा नारा जुलुस गर्ने उच्छृङ्खल अराजक आन्दोलन गरेर प्रधानन्यायाधीशको मोटरमा ढुङ्गा हान्ने काम समेत गर्नु भनेको केही कानून व्यवसायीले कालोइतिहास लेखाएका छन् । दौरा सुरुवाल टोपी लगाएर सर्वोच्च बारका अध्यक्षले मुर्दावादको नारा लगाउनु, माओवादीको संगठन विभाग, कानून विभाग हेर्ने प्रमुखको जिम्मेवारी पाएका व्यक्ति बारको अध्यक्ष रहनु, नेपाल बार कानून व्यवसायीहरूको पेशागत संगठन भन्दापनि राजनीतिक दलको भातृ संगठनमा बद्लिदै गएको भान हुँदैछ । यो आन्दोलनबाट सर्वोच्च अदालतमा राजनीतिक भागबन्डा नियुक्ति भएका न्यायाधीशको चरित्र पनि घामझैँ छर्लङ्ग भएको छ। केही बिचौलिया वरिष्ठ भनिएका कानून व्यवसायीहरूको स्वार्थपूर्तिको निमित्त गरिएको आन्दोलनबाट अदालतमा राजनीतिक हस्तक्षेपको परिषणाम कस्तो हुन्छ भन्ने यो घटनाबाट पनि पुष्टि भइसकेको छ । संसारमा कहिँ पनि बारका कानून व्यवसायीहरुले आन्दोलन गरेर प्रधानन्यायाधीशको राजीनामा माग गर्दैनन् ।

अदालतले बारको सहयोग र सल्लाह लिन्छ तर यहाँचाहिँ बारले न्यायाधीशमाथि आफ्नो कब्जा जमाउने षड्यन्त्र गर्दछन् । आफ्नो बद्मासी सर्वत्र उदाङ्गो भएपछि तिनै बिचौलिया वकिल राजनीतिक दल नेताहरुलाई समेत दबाब दिने मूर्खता गर्छन् । राजनीतिक दललाई कानून व्यवसायीले कुनै किसिमको पनि दबाब दिने अधिकार छैन । कानून व्यवसायी स्वतन्त्र पेशागत मर्यादाभन्दा राजनीति दल कार्यकर्ता भनेर चिनिएका कारणले पार्टीका वस्त्र धारण गरेका कानून व्यवसायीप्रति पटक्कै सद्भाव छैन ।

यो आन्दोलनबाट संवैधानिक परिषद्को न्यायाधीश नियुक्ति गर्ने व्यवस्था नै परिवर्तन हुने लक्षण देखिएको छ । राजनीतिक दलबाट भाडा नियुक्ति भएका सबैलाई हटाएर पुनः नियुक्ति गर्ने यो बाटोबाट संसद्ले संविधान संशोधन गर्नुपर्ने टड्कारो आवश्यकता महसुस भएको छ ।

अदालतमा हड्ताल गर्ने हड्ताल गराउने दुई थरीलाई अदालतको अपहेलना मुद्दा चलाउनुपर्छ । न्याय प्रभावित भएकाहरुलाई उनीहरूबाट क्षतिपूर्ति समेत भराउने फैसलाआउनुपर्दछ। मिर्गौला तस्करीमा समेत मुछिएका पूर्वप्रधानन्यायाधीशको उक्साहटमा सर्वोच्च अदालतभित्र भएको गुण्डागर्दीको निष्पक्ष छानबिन गर्न उच्चस्तरीय छानबिन समिति बनाई तत्काल सरकारले काम गर्नुपर्ने जनताको माग रहेको छ। यसरी छाडा हुने वातावरणको अन्त्य गरिनुपर्छ। जनताबाट उठेको करबाट तलबभत्ता सुविधा खाने न्यायाधीशहरु भनेका कर्मचारी पनि हुन्, उनीहरुलाई इजलास बहिष्कार गर्ने हड्ताल गर्ने छुट संसारमा कहीँ पनि छैन ।

तसर्थ हड्ताल गर्ने न्यायाधीश र बारमा बसेर न्यायलयविरुद्ध ढुङ्गा हान्ने कुनैपनि व्यक्तिलाई आउँदा दिनहरुमा न्यायाधीशमा सिफारिस गर्ने वा सरकारले कुनै पनि सरकारी नियुक्ति गर्ने गर्नुहुँदैन । कानून व्यवसायीजस्तो जिम्मेवारी नागरिक भएर आफ्नो कर्तव्य पालामा नगर्ने व्यक्तिहरूलाई नेपाली जनताले क्षमा दिने छैनन् । आन्दोलनमा खर्च भएको रकम पनि नेपाल बारले सार्वजनिक गर्नुपर्छ। सम्पूर्ण कानून व्यवसायी, सर्वोच्चका न्यायाधीश र पूर्वन्यायाधीश समेतको सम्पत्ति छानबिन गर्नु बाञ्छनीय देखिन्छ। यस्ता सम्बन्धमा सम्बन्धित निकायहरूमा उजुरी समेत परिसकेको छ त्यसको छानिएको लागि जनताले अब खबरदारी पनि गरिरहेका छन्। हुन त, इमान्दार कानून व्यवसायी, न्यायधीश र पूर्वन्यायधीशले आफ्नो सम्पत्ति आफै सार्वजनिक हिम्मत गर्नुपर्ने हो । उहाँहरुको हिम्मत खालि प्रधानन्याधीसको राजीनामा अड्किएको देख्दा दया लाग्छ ।

*(लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ ।)*

## खुल्दै....

कतिले टिमकै स्वामित्व लिएर खेलकुदमार्फत आफु र आफ्नो व्यापारिक वस्तु तथा सेवाको प्रचार गरिरहेका छन् । यसले खेल र खेलाडीलाई व्यवसायीक रुपमा बलियो मात्र बनाएको छैन, खेलकुदको माध्यमबाट कर्पोरेट क्षेत्रलाई व्यवसायीक प्रवर्द्धन गर्ने राम्रो 'प्लेटफर्म' तयार गरेको छ ।

खेलकुद बिज्ञ शुशिलनरसिंह राणा खेलकुदमा व्यापारिक घरानाको आबद्धताले सिंगो खेलकुदको स्तर उकास्नमा सहयोग पुग्ने बताउँछन् । "व्यवसायीक घरानाले प्रायोजन गर्दा खेलकुदमा सहयोग मात्र हेरेका हुदैनन्, त्यसमा आफ्नो व्यवसायीक स्वार्थ समेत खोज्छन् । फ्रेन्चाईजले त्यो अवसर खेल, खेलाडी र व्यवसायीक घरानालाई दिने गर्छ" उनी भन्छन् । राणा सरकारले समेत खेल क्षेत्रको विकासका लागि व्यापारिक घरानालाई खेलकुदमा ल्याउन नीतिगत व्यवस्था गर्नुपर्ने बताउँछन् । "नीतिगत रुपमा व्यवसायीक क्षेत्रलाई खेलकुदमा जोड्न सकियो भने नेपालको खेलकुद क्षेत्रले फड्को मार्छ", राणा भन्छन्।

कर्पोरेट क्षेत्रको लगानी, मार्केटिक रणनीति र नीजि क्षेत्रको आगमनले घरेलु खेलकुदलाई विस्तारै व्यवसायीकरणतर्फ धकेलेको क्रिकेटका पूर्व कप्तान एलबी क्षेत्री बताउँछन् । "पछिल्ला दिनमा नीजि क्षेत्रले नेपाली खेलकुदमा निकै चासो राखेको देखिन्छ। उल्लेख्य त हैन, तर जसरी नीजि क्षेत्र खेलकुदमा जोडिएको छ, यसले समग्र खेलकुदको स्तर उकास्न सहयोगनै पुग्छ", उनी भन्छन् ।

घरेलु खेलकुदमा पछिल्लो समय फ्रेन्चाईज प्रतियोगिताको प्रयोग तिव्र रुपमा बढेको छ । टिम गेममा आयोजकको चासो र आबद्धता बढी देखिन्छ। धेरै दर्शक समेत रहने भएकाले आयोजकले टिम गेमलाई फ्रेन्चाईजको रुपमा विकास गर्न खोजेका छन् । यस प्रकारका प्रतियोगितालाई व्यवस्थित गर्न सकेको खण्डमा खेल र खेलाडीमात्र नभएर समग्र नेपाली खेलकुदको उत्थानका लागि फ्रेन्चाईज प्रतियोगिता कोशेढुङ्गा सावित हुन सक्छन् ।

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
भुवन सिं गुरुङ
(प्रबन्ध निर्देशक)
तथा
गुरुङ म्यानेजमेन्ट ओभरसिज प्रा.लि.
परिवार
बसुन्धारा, काठमाडौं, फोन: ४३८६९३६, ४३८८०१२

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मदनकुमार महत
प्रबन्ध निर्देशक
तथा
HIMALAYAN JOB EXPLORER
हिमालयन जब एक्स्प्लोरर प्रा.लि
परिवार
चाकुपाट-१०, ललितपुर फोन नं. ०१-५५२००८०, ५५२००८१

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
जगत बहादुर गुरुङ
(प्रबन्ध निर्देशक)
जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८८३८०, ४३८२५३३

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
राजेश गौतम
प्रवन्ध निर्देशक, तथा
गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
परिवार
सुबिधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोन: ५१९२०२८, ४१११६४४

हार्दिक बधाई
तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
हेमा गुरुङ (सिमरन)
कार्यसमिति सदस्य : नेपाल बैदेशिक रोजगार महिला ब्यबसायी संघ
कोषाध्यक्ष : रञ्वी संघ, नेपाल
कोषाध्यक्ष : एमनेष्टी ईण्टरनेशनल मिडिया ग्रुप - ५३

हार्दिक
बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक १९ वर्ष पुरा गरी
२० औं वर्षमा
प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
नरेन्द्र प्रसाद ढकाल
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यबसायी एशोसिएसन
एवं
नोकरी नेपाल रिक्रुमेन्ट सर्भिस प्रा. लि.
परिवार
मित्रनगर, गोगंबु, काठमाडौं, नेपाल, फोन: ४३६२६८६, ४३८५७८

वैकल्पिक व्यवस्था



■ उमा जोशी बोहोरा

# सशक्तीकरणमा सहकारी अभियान

**धितोको अभाव, वित्तीय चेतनाको कमी, झन्झटिलो बैंकिग प्रक्रिया, बैंक तथा वित्तीय संस्थाको उपस्थिती नहुनु, यातायातको असुविधा लगायतका कारण ग्रामीण तथा दुर्गम क्षेत्रका गरीबीको चपेटामा रहेका सर्वसाधारणका लागि सहकारी संस्था नै मुख्य वित्तीय सेवा प्रदायक हुन् ।**

> ६
> नियम कानूनमा विभिन्न अर्थ लाग्ने शब्द राखी महिलालाई अवसर र भूमिका विहीन गराउने, पितृ सत्तात्मक सोंच लिई वित्तीय सेवा प्रदान गर्दा विभेदकारी व्यवहार गर्ने, लिंगको आधारमाविभेदकारी वातावरण सिर्जना गर्ने लगायत प्रवृत्तिले महिला सशक्तिकरण र समावेशी विकासमा धक्का पुग्ने अवस्था आउन सक्दछ ।

नेपाल सरकार, सहकारी विभागले गरेको पछिल्लो अध्ययन अनुसार २९,८८६ सहकारी संस्थाले मुलुकको ७ वटै प्रदेशमा सेवा प्रदान गरीरहेका छन् । सञ्चालनमा रहेका सहकारी संस्थाहरु मध्ये झण्डै आधाको संख्यामा बचत तथा ऋण सहकारी संस्था रहेका छन् । कुल जनसंख्या मध्ये ७३ लाख जनसंख्या (२८ प्रतिशत) सहकारीमा आवद्ध भएका र सो मध्ये ४४ प्रतिशत पुरुष र ५६ प्रतिशत महिलाको संख्या रहेको छ। सम्पूर्ण सहकारी संस्थाको कुल शेयर पुँजी रु.९४ अर्ब, बचत संकलन रु. ४७८ अर्ब, कुल ऋण लगानी रु.४२६ रहेको र ८८ हजार जनालाई प्रत्यक्ष रोजगारी दिएको उक्त अध्ययनले देखाएको छ । मुलुकभर सञ्चालनमा रहेका सहकारी मध्ये सबैभन्दा बढी (३५ प्रतिशत) वागमती प्रदेशमा र सबैभन्दा कम (७ प्रतिशत) कर्णाली प्रदेशमा रहेको पाईन्छ। भौगोलिक अवस्थिती, आर्थिक गतिविधी, भौतिक पुर्वाधारको विकास, सुरक्षा व्यवस्था, वित्तीय साक्षरताको स्तर, चेतनाको स्तर आदीले सहकारी संस्थाको उपस्थितीलाई प्रभाव पारेको देखिन्छ ।

बैकिंग प्रणालीको विकास र विस्तारका लागि बैंकिग पूर्वाधारहरुको विकास अत्यावश्यक हुन्छ तर मुलुकको विकास सन्तुलित रुपमा नभएकाले बैंकिग पूर्वाधारको विकास पनि मुलुकभर समान रुपले भएको पाईदैन । त्यसैले बैंक तथा वित्तीय संस्थाको उपस्थिती नभएका ग्रामीण तथा दुर्गम क्षेत्रमा वित्तीय पहुँचका लागि सहकारी संस्थाको भुमिका उल्लेखनीय रहँदै आएको छ। यसका साथै, शहरी क्षेत्रमा भने सहकारी संस्थाको उपस्थिती उल्लेख्य रहेको र सेवाग्राहीहरु आफ्नो आवश्यकता र क्षमता अनुसार बैंक तथा वित्तीय संस्था र आफु आवद्ध रहेको सहकारी संस्थाबाट वित्तीय सेवा उपयोग गरीरहेका छन् । धितोको अभाव, वित्तीय चेतनाको कमी, झन्झटिलो बैंकिग प्रक्रिया, बैंक तथा वित्तीय संस्थाको उपस्थिती नहुनु, यातायातको असुविधा लगायतका कारण ग्रामीण तथा दुर्गम क्षेत्रका गरीबीको चपेटामा रहेका सर्वसाधारणका लागि सहकारी संस्था नै मुख्य वित्तीय सेवा प्रदायक हुन् । त्यसैले साहु महाजन इष्टमित्र साथीभाई लगायतका परम्परागत श्रोतबाट उच्च ब्याजदरमा ऋण लिन वाध्य हुँदै आएको वर्ग सहकारी संस्थाबाट प्रदान गरीने सहज वित्तीय सेवा उपयोग गरी लाभान्वित हुँदै आएका छन् ।



सहकारी संस्थामा आवद्ध भएका सदस्यहरु मध्ये महिला सदस्यको संख्या पुरुष सदस्यको भन्दा १२ प्रतिशत धेरै रहेको छ। त्यसैले नेपालमा सहकारी क्षेत्र नै सबैभन्दा बढी महिला आवद्ध भएको क्षेत्र भएको छ । सहकारी क्षेत्रमा महिला सहभागिता र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ मा महिलाको सहभागितामा मात्र पनि सहकारी संस्था खोल्न पाइने व्यवस्था रहेको छ। हाल यस्ता सहकारी संस्थाको संख्या ४,११३ रहेको छ । त्यसैगरी सोही ऐनमा सञ्चालक समितिमा उपलब्ध भएसम्म ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनुपर्ने व्यवस्था रहेको छ। सहकारी विभागद्धारा केही समय अघि प्रकाशित तथ्यांक अनुसार नेपालका सम्पूर्ण सहकारीमा सञ्चालकको संख्या करीब २ लाख ३२ हजार रहेकोमा महिलाको संख्या ३९ प्रतिशत रहेको र बचत तथा ऋण सहकारी संस्थामा करीब ३२ प्रतिशत रहेको पाइन्छ, यद्यपी प्रत्येक सहकारी संस्थाको सञ्चालक समितिमा महिला सञ्चालकको उपस्थिती ऐनमा नै उल्लेख भए वमोजिम भने रहेको पाईदैन । त्यसैगरी नेपाल सरकार, प्रदेश र स्थानीय तहले सहकारीमा आवद्ध भएका ग्रामीण विपन्न महिला सदस्यले श्रम वा शीपमा आधारीत स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न प्रचलित कानून वमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पुरै छुट दिन, बीउ पुँजी, लागत सहभागीता अनुदान, सहुलियतपूर्ण ऋण लगायतका विशेष वित्तीय सुविधा तथा प्राविधिक सहयोग प्रदान गर्न सक्ने व्यवस्था ऐनमा नै उल्लेख भएकाले थप लाभान्वित हुन सक्ने अवस्था रहेको छ ।

जनसंख्याको आधा भन्दा बढी अंश ओगटेको महिला वर्गको आर्थिक, सामाजिक र राजनैतिक विकास नभएसम्म समग्र मुलुकको विकास सम्भव छैन। उद्यमशीलताले महिलाको आर्थिक, सामाजिक र राजनैतिक – बाँकी पृष्ठ त मा







